# भाग ४

## विर्ता खारेजी बन्दोवस्त अड्डाको
## विज्ञप्ति

नेपाल भरमुलुकका बिर्ता उन्मूलन बारे बेख बिर्ता माना चावल कुश बिर्ता गुठीसमेत गैह्र बिर्ताको अङ्क उठती आयस्ता परीबारसमेत गैन्ह खुलाई निस्सा प्रमाणका नक्कल समेत राखी दर्खास्त दिनू सो दरखास्त हुलाकबाट पठाए पनी हुन्छ जिल्ला मालमा दिएपनी हुन्छ भन्ने इस्तिहार मै ढाँचा महलसमेत खोली जारी भएको इस्तिहारबमोजिम दरखास्त नआई कुनैमा रोपनी बिगाहा माटोमुरी नखुलेको कुनैमा आएस्ता परिवार संख्या नखुलेको निस्सा प्रमाणसमेत पेस नभएकोसमेत बेहोराको टिप्पणी पेश हुँदा अघि दर्खास्त गर्नेहरूमा ईस्तिहार बमोजिम नखुलाई दिनेले अब सूचना जारी भएका ३५ दिन भित्र खुलाई सबै निस्सा प्रमाण राखी अघि जहाँ जहाँ दरखास्त दिएकोछ वहाँ वहाँ दिने गर्नू भनी विज्ञप्ति जारी गर्ने र सो विज्ञप्ति बमोजिम गरी पठाई दिनू भनी सरोकार अड्डालाई लेखी पठाउनेसमेत टिप्पणी सदर भै आएकाले उक्त लेखिएका कुरामा सो बमोजिम दरखास्त दिनु होला

हाकिम
बिर्ताखारेज बन्दोबस्त

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।